of

# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

स्याङ्जा

गण्डकी प्रदेश,नेपाल

प.सं.:२०७६।७७

च.नं.: १२४८

मिति: २०७६।०७।२५

श्री वडा कार्यालयहरु (सबै)

पुतलीबजार नगरपालिका ।

**विषय: जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा वैदेशिक रोजगार नियमावली, २०६४ (पाचौँ संशोधन) को नियम २८(१) अनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएका कुनै कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको एक वर्षभित्र कुनै कारणले मृत्यु भएमा मृत्यु भएको एक वर्षभित्र मृत्यु भएको प्रमाणित हुने कागजात सहित मृतकको नजिकको हकवालाले आर्थिक सहायताको लागि बोर्डमा निवेदन दिन सक्ने व्यवस्था गरेको छ । सोही नियमावलीको नियम २८(७) नियमावली बमोजिम दिइने निवेदन सम्बन्धित स्थानीय तह मार्फत समेत दिन सकिने र यसरी निवेदन परेमा स्थानीय तहले ७ दिन भित्र प्राप्त कागजात र प्रमाण सहित त्यस्तो निवेदन वैदेशिक रोजगार बोर्डमा पठाई सो को जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्ने व्यवस्था रहेको साथै वैदेशिक रोजगार बोर्डको सचिवालय को च.नं. ३०४ मिति २०७६।०७।१८ को पत्रबाट समेत यस सम्बन्धमा परिपत्र भएकोले त्यस वडाभित्र त्यसरी मृत्यु भएका व्यक्तिहरु भएमा निजका हकवालालाई सो को जानकारी गराई तपशिल बमोजिमका कागजात सहित यसै पत्र साथ संलग्न निवेदनको ढाँचा बमोजिम निवेदन दिन यस नगर कार्यपालिकाको कार्यालयमा पठाउनुहुन अनुरोध छ ।

**तपशिल:**

१) राहदानीमा गन्तव्य मुलुकमा पुगेको प्रमाणित हुने छाप भएको पृष्ठ र राहदानी बहाकको रहादानी नम्बर, नाम, फोटो भएको पृष्ठको प्रतिलिपि

सुरेन्द्र बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका वडा नं. १, प्रगतिनगर, गण्डकी प्रदेश, नेपाल, फोन नं. :०६३-४२०४७२
E-mail:info@putalibazarmun.gov.np, putalibazarmun@gmail.com, Website : www.putalibazarmun.gov.np

# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

गण्डकी प्रदेश,नेपाल


प.सं.:२०७६।७७

च.नं.:

२) विदेश स्थित रोजगारदाता कम्पनी, नियोग\अस्पतालको मृत्यु को प्रमाण र शव ल्याउँदाको पज्ञापनपत्रको प्रतिलिपि (विदेशमा मृत्यु भएको हकमा)

३) नेपालमा मृत्यु भएकाको हकमा निज वैदेशिक रोजगारीबाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि

४) स्थानीय तहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि

५) हकवालाको नागरिकता\नाता प्रमाणित र अविबाहित भए वडाबाट अविवाहित रहेको खुलाउने जानकारी पत्र

६) हकवालाको मुखाकृति स्पष्ट देखिने गरी खिचिएको पासपोर्ट साईजको फोटो

(रुद्रबहादुर मल्ल)
प्रमुख प्रशासकिय अधिकृत
रूद्र वहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

<u>कार्यार्थः</u>

श्री सुचना प्रविधि अधिकृत ज्यु,
वेवसाईटमा समेत अपलोड गर्नुहुन ।